संवत् २०८० साल साउन ८ गते बसेको थाहा नगरपालिका नगर कार्यपालिका बैठकको निर्णयः

थाहानगर कार्यपालिका बैठक संख्या : ०१/२०८०/२०८१

| क्र.सं. | महाशाखा/शाखा | निर्णयको संक्षिप्त ब्यहोरा |
|---|---|---|
| १ | योजना महाशाखा | नगर प्रमुखलेज्यूले प्रस्ताव गर्नु भएका नगरस्तरीय योजनाहरु पारित गर्ने, साथै योजना महाशाखाबाट आ.व. २०८०/०८१ को लागि प्रस्ताव गर्नु भए बमोजिमको योजना कार्यन्वयन कार्यतालिका पारित गर्ने । |
| २ | प्रशासन महाशाखा/शाखा | पालुङ्ग प्राथमिक स्वास्थ्य केन्द्रमा विगत देखि करार सेवामा कार्यरत मेडिकल अधिकृत डा.शक्ति चौरसिया र डा.चन्द्रभुषण चौधरीको कार्यसम्पादन सन्तोषजनक नदेखिएकोले निजहरुको आ.व. २०८०/०८१ मा करार सेवाको म्याद थप नगर्ने, साथै उक्त रिक्त पदहरुमा नियुक्तिको लागि निवेदन दिएका डा.गगन कार्की र डा.पवन कार्कीलाई ६ महिनाको लागि करार सेवामा नियुक्ति गर्ने । |
| ३ | प्रशासन शाखा | थाहा नगरपालिकाको जग्गाहरु हालसम्म वर्गीकरण नगरिएको सन्दर्भमा १२ वटै वडा कार्यालयहरुबाट भूउपयोग ऐन, २०७६ बमोजिम जग्गा वर्गीकरण गरी साउन मसान्त भित्र पठाउन पत्राचार गर्ने र प्राप्त वडा कार्यालयको सिफारिसको आधारमा जग्गा वर्गीकरण गर्ने । |
| ४.१ | आर्थिक प्रशासन | थाहा नगरपालिकामा इन्धन बापत हुदै आएको खर्चलाई मितव्ययी बनाउन हाल काटिदै आएको इन्धनको कुपन प्रणालीलाई विस्थापित गर्ने र इन्धन सुविधा बापत इन्धन व्यवस्थापन कार्यदलबाट पेश भए बमोजिम अनुसारको मासिक रकम उपलब्ध गराउने, साथै वडा सचिव र शाखा प्रमुखहरु (परियोजना/ससर्त बाहेक) लाई उपलब्ध गराउदै आएको मासिक संचार खर्च रु.१,०००।- लाई निरन्तरता दिने । |
| ४.२ | प्रशासन शाखा | थाहा नगरपालिकाको कानूनी सल्लाहकारको रुपमा कार्यरत अधिवक्ता श्री सुशिल कुमार पोखरेलको मासिक रु.१०,०००।- (रु.दश हजार मात्र) सेवा सुविधा उपलब्ध गराउने गरी म्याद थप गर्ने । |
| ४.३ | प्रशासन/योजना शाखा | थाहा नगरपालिकाको आ.व. २०७९/०८० को वार्षिक समिक्षा कार्यक्रम मिति २०८० साल साउन २५ गते विहिबारका दिन आयोजना गर्ने । |
| ४.४ | योजना महाशाखा | थाहा नगरपालिका वडा नं. ३ स्थित थाहा शित भण्डारको विषयमा प्रमुख प्रशासकीय अधिकृत ज्यूबाट पेश भएको प्रस्तावित ठेक्का सम्झौतालाई स्वीकृत गरी कार्य प्रक्रिया अगाडी बढाउने । |
| ४.५ | स्वास्थ्य शाखा | थाहा नगरपालिकाको स्वास्थ्य शाखा प्रमुखबाट पेश भई आएको प्रस्ताब बमोजिम १२ वटै स्वास्थ्य केन्द्रबाट प्रदान गरिदै आएको निःशुल्क ल्याब सेवालाई सःशुल्क बनाई यसै आर्थिक वर्ष देखि कार्यान्वयनमा ल्याउने । |
| ४.६ | प्रशासन शाखा | थाहा नगरपालिकाको १३ औं नगरसभाबाट औपचारिक कार्यक्रममा उपस्थिती हुँदा सम्पूर्ण नगरसभा सदस्य ज्यूहरुको पोशाकमा एकरुपता ल्याउनको लागि नगर कार्यपालिकाबाट सुविधा तोक्ने गरी पोशाक भत्ता उपलब्ध गराउने निर्णय भएकोमा पुरुष नगरसभा सदस्यको ड्रेसकोट सिफारिसको लागि सुशासन तथा संस्थागत समितीलाई र महिला नगरसभा सदस्यको ड्रेसकोट सिफारिसको लागिनगरस्तरीय महिला बालबालिका तथा ज्येष्ठ नागरिक समितिलाई जिम्मेवारी प्रदान गर्ने । |
| ४.७ | योजना महाशाखा/प्राविधिक शाखा | **SRP Group Pvt.ltd** ले निर्माण कार्य निरन्तर गर्दागर्दै पनि कार्य सम्पन्न गर्ने समय छोटो भएको र वर्षातको समय भएको कारणले लगातार वर्षा भइरहेको हुँदा प्रतिकुल परिस्थिति सिर्जना भएकोले निर्माण कम्पनीको माग बमोजिम Coldstore Civil Work (Pro/coldstore-12/079/80)कार्यको सम्झौता अवधि मिति २०८०/०७/०७ सम्म म्याद थप गर्ने सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५६(२) र नियमावली २०६४ को नियम १२० बमोजि मम्याद थप गर्ने । |

| ४.८ | योजना महाशाखा/प्राविधिक शाखा | आर्थिक वर्ष २०८०/०८१ को लागि निम्न योजनाहरु कार्यान्वयको लागि पारित गर्ने ।<br>निम्न |
|---|---|---|

| क्र.सं. | योजनाको नाम (प्रदेशस्तरीय) | रकम रु.हजारमा | वडा नं. |
|---|---|---|---|
| १ | कुलगाउँ कुन्छाल भित्री सडक (समपूरक) | १५००० | १ |
| २ | गहतेखोलाखर्क सडक समपूरक)१-५) | १०००० | १ |
| ३ | शीतभण्डार निर्माण (सशर्त) | ८००० | ३ |
| ४ | बाराहीचौर ग्रामीण सडक (समपूरक) | १५००० | ६ |
| ५ | चिसापानीखानेपानी योजना (विशेष) | ६००० | ७ |
| ६ | चौबासमुलखोला खानेपानी योजना (सशर्त) | ५६८ | ७ |
| ७ | पोखरी थुम्कीतल्लोभन्ज्याङ्ग खानेपानी मर्मत (सशर्त) | ५५२ | ८ |
| ८ | जुँगेखोला(सशर्त) चन्द्रगिरीबाटो स्तरोन्नति- | ३०० | ९ |

संवत् २०८० साल भाद्र ११ गते बसेको थाहा नगरपालिका नगर कार्यपालिका बैठकको निर्णयः

थाहानगर कार्यपालिका बैठक संख्या : ०२/२०८०/२०८१

| क्र.सं. | महाशाखा/ शाखा | निर्णयको संक्षिप्त ब्यहोरा |
|---|---|---|
| १ | प्रशासन महाशाखा | (तल हेर्नुहोस्) |

यस थाहा नगरपालिका अन्तर्गत गठन भएको नगर प्रहरी कर्मचारीहरुको सेव शर्त र पोशाक देहाय बमोजिम रहने गरी पदपुर्ति समितिको मिति २०८०/०५/०५ गतेको सिफारिस बमोजिमका पदमा मिति २०८०/०५/१५ गते देखि लागु हुने गरी नियुक्ति प्रदान गर्ने र नेपाल प्रहरी, सशस्त्र प्रहरी र अन्य पदाधिकारी मार्फत नगर प्रहरीलाई १० दिने आधारभुत तालिम प्रदान गर्ने साथै नगर प्रहरीमा साविकको पदबाट समायोजन भई हाल कार्यरत एक जना जवान नगर प्रहरी हवल्दारमा सिफारिस भएको र एक जना जवानले राजिनामा दिएको हुँदा हाल रिक्त हुन गएको नगर प्रहरी जवान पद संख्या दुईमा प्राथमिकताको आधारमा क्रमशः नगर प्रहरी सहायक निरीक्षक, नगर प्रहरी हवल्दार र नगर प्रहरी जवान पदमा वैकल्पिक योग्यताक्रममा रहेका उम्मेदवारहरुबाट सूचना प्रकाशन गरी ७ (सात) दिन भित्र पदपूर्ति गर्ने ।

१. पारिश्रमिक र सेवा सुविधा :

| क्र.सं. | पद | मासिक पारिश्रमिक | रासन भत्ता (दैनिक रु.१६८ का दरले मासिक) | विमा | अन्य | कै. |
|---|---|---|---|---|---|---|
| १ | नगर प्रहरी सहायक निरीक्षक | नेपाल सरकारले उक्त पदको लागि तोकेको शुरु तलब सरह | ५,०४०।- | करार कर्मचारीको एकमुष्ठ गरिने | व्यारेक सुविधा नगरपालिकाले तोके बमोजिम | |
| २ | नगर प्रहरी हवल्दार | | ५,०४०।- | | | |
| ३ | नगर प्रहरी जवान | | ५,०४०।- | | | |
| ४ | पोशाक भत्ता | वार्षिक रु.१०,०००।- | | | | |
| ५ | चाडपर्व खर्च | नियुक्ति भएको ६ महिना पुगेपछि १ महिनाको तलब स्केल सरह । | | | | |

२. पोशाक

| क्र.सं. | पद | पोसाक | बेल्ट | जुत्ता | दर्ज्वानी |
|---|---|---|---|---|---|
| १ | नगर प्रहरी सहायक निरीक्षक | खाकी रंगको सर्ट, पाईन्ट र टोपी, सिट्टी | कालो रंगको फित्ते बेल्ट | कालो बुट, कालो तना | काधमा एक/एक तारा दुबैमा |
| २ | नगर प्रहरी हवल्दार | खाकी रंगको सर्ट, पाईन्ट र टोपी, सिट्टी | कालो रंगको फित्ते बेल्ट | कालो बुट, कालो तना | पाखुरामा अंकित चिन्ह |
| ३ | नगर प्रहरी जवान | खाकी रंगको सर्ट, पाईन्ट र टोपी, सिट्टी | कालो रंगको फित्ते बेल्ट | कालो बुट, कालो तना | - |

*नोट : साविकमा करारमा कार्यरत कर्मचारीहरुले नगर प्रहरीमा समायोजन हुँदा खाईपाई आएको सुविधामा नघट्ने गरी तलब भत्ता समायोजन गरिने ।*

| | | |
|---|---|---|
| २ | प्रशासन शाखा | थाहा नगरपालिकाको जग्गाहरु हाल सम्म वर्गीकरण नगरिएको सन्दर्भमा १२ वटै वडा कार्यालयहरुवाट भूउपयोग ऐन, २०७६ बमोजिम जग्गा वर्गीकरण गरी साउन मसान्त भित्र पठाउन पत्राचार गरिएकोमा वडा कार्यालयहरुवाट प्राप्त सिफारिस बमोजिम प्रथम चरणमा कृषि र गैरकृषि क्षेत्र निर्धारण गरी सम्वन्धित निकायमा सिफारिस सहित जानकारी गराउने । |
| ३ | न्यायिक शाखा | व्यापक सामुदायिक क्षेत्र अभ्यास विद्यार्थी शुल्क सम्वन्धी कार्यविधि, २०८० लाई पारित गर्ने । |
| ४ | जिन्सी शाखा | थाहा नगरपालिका कार्यालयको नाममा दर्ता रही ल्यायम्ह पूचः मकवानपुर शाखाद्वारा संचालित बा. प्र. ०१–००२ भ ५८१८ नम्बरको एम्बुलेन्स (बिमा लेख नं. HTD/20/21/CV/00131) लाई ल्यायम्ह पूचः मकवानपुर शाखालाई हस्तान्तरण गर्ने । |
| ५ | राजश्व शाखा | थाहा नगरपालिका वडा नं. ९ स्थित थुपारिको ढुङ्गा लिलाम विक्री गर्ने भनि मिति २०८०/०८/२९ को कार्यपालिका बैठकबाट निर्णय भएकोमा उक्त ढुङ्गा संकलन गर्ने सरोकार समितिले लगानी गरेको र सोको लागि आवश्यक सहजीकरण गरिदिनुहुन भनी अनुरोध भई आएको हुँदा चित्लाङ चन्द्रागिरीको कच्ची विग्रेको बाटोहरुमा ढुङ्गा विच्छ्याउने तथा संकलित ढुङ्गाको स्टक प्राविधिक मार्फत प्रमाणीकरण गरी सरकारी दररेटको आधारमा एकमुष्ठ राजश्व लिने । |
| ६ | योजना महाशाखा | थाहा नगरपालिका वडा नं. ३ मा निर्माणधीन शित भण्डारलाई निर्माण सम्पन्न गरी सञ्चालनमा ल्याउन ठेक्का प्रकृया अगाडी बढिसकेको सन्दर्भमा नपुग हुने रकम बढीमा रु. ६ (छ) करोड सम्म नगर विकास कोष काठमाण्डौबाट ऋण लिई निर्माण कार्य सम्पन्न गर्ने । |
| ७ | स्वास्थ्य शाखा | चालु आ.व. वाट थाहा नगरपालिकाको १२ वटै स्वास्थ्य केन्द्रहरुबाट शःशुल्क ल्याब सेवा प्रदान गर्दै आएकोमा ल्याब सेवाबाट संकलित राजश्व रकम सम्वन्धित स्वास्थ्य संस्थालाई नै सेवा विस्तार गर्नका लागि फिर्ता गर्ने । साथै पैसा तिर्न नसक्ने विरामीहरुको मुल्यांकन गरी स्वास्थ्य व्यवस्थापन समितिको निर्णय बमोजिम निःशुल्क सेवा दिने । |
| ८.१ | पशु सेवा शाखा | भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, मकवानपुरको च.नं. ५५ मिति २०८०/५/०७ गतेको पत्रानुसार एक वडा एक पशु स्वास्थ्य क्लिनिक संचालन गर्ने सम्बन्धम हाल थाहा नगरपालिकाको वडा नं. ५, ७ र १२ मा पशु स्वास्थ्य क्लिनिक संचालनमा ल्याउनको लागि सम्बन्धित निकायमा अनुरोध गर्ने । |
| ८.२ | प्रशासन शाखा | नगर प्रमुखको प्रेस संयोजक शम्भु अधिकारीको भुमिकाको सम्वन्धमा स्पष्ट भई निजको सुविधा २०८० साउन देखि लागु हुने गरी रु.२०,०००।- (बीस हजार) कायम गर्ने । |
| ८.३ | प्रशासन शाखा | थाहा नगरपालिकाको स्वीकृत संगठनात्मक संरचनामा वडा सचिवको दरबन्दी प्रशासन सेवा सामान्य प्रशासन समुहको सहायक चौथो र पाचौ तहको रहेकोमा स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ बमोजिम सहायक चौथो र पाचौ तहको कर्मचारीको ५/५ वर्षमा तहवृद्धि हुने भएकोले थाहा नगरपालिकाको वडा सचिवको दरबन्दीलाई सहायक पाचौ र अधिकृत छैठौं तहको कायम गर्ने निर्णय गरियो साथै उक्त पदपूर्ति नहुँदा सम्मको लागि चौथो तहलाई पनि जिम्मेवारी दिने । |
| ८.४ | प्रशासन शाखा | थाहा नगरपालिकाको स्वीकृत संगठनात्मक संरचना अनुसार रिक्त रहेको आर्किटेक इन्जिनियर पद संख्या-१ र नायब पशु प्राविधिक (कृषि सेवा) पद संख्या-१ रिक्त रहेकोमा हाल प्रदेश लोक सेवा आयोगमा माग गरेता पनि सिफारिस भई आउन १ वर्ष लाग्ने हुदाँ स्थायी कर्मचारी आए पश्चात स्वतः हट्ने गरी हाललाई लोक सेवा आयोग र प्रदेश लोक सेवा आयोगमा वैकल्पिक र अस्थायी सूचीमा रहेका उम्मेदवारहरु मध्येवाट पदपूर्ति गर्न सूचना आव्हान गर्ने । |
| ८.५ | प्रशासन शाखा | नव नियुक्त नगर प्रहरीको व्यवस्थापन गर्न र नक्सा शाखालाई नपुग कोठा व्यवस्थापनको लागि आवश्यक २ वटा कोठा उपलब्ध गराईदिनको लागि पालुङ बहुमुखी क्याम्पसलाई अनुरोध गर्ने । |

| | | |
|---|---|---|
| ८.६ | प्रशासन शाखा | थाहा नगरपालिकाको १३ औं नगरसभाबाट औपचारिक कार्यक्रममा उपस्थिती हुँदा सम्पूर्ण नगरसभा सदस्य ज्यूहरुको पोशाकमा एकरुपता ल्याउनको लागि नगर कार्यपालिकाबाट सुविधा तोक्ने गरी पोशाक भत्ता उपलब्ध गराउने निर्णय भएकोमा पुरुष नगरसभा सदस्यको ड्रेसकोड सिफारिसको लागि सुशासन तथा संस्थागत समितीलाई र महिला नगरसभा सदस्यको ड्रेसकोड सिफारिसको लागि नगरस्तरीय महिला बालबालिका तथा ज्येष्ठ नागरिक समितिलाई जिम्मेवारी प्रदान गरिएकोमा उक्त समितिबाट प्राप्त सिफारिसको आधारमा तपसिल वमोजिम पुरुष र महिला नगरसभा सदस्यको ड्रेसकोड कायम गर्ने निर्णय गरियो साथै नगर सभा सदस्यहरुलाई पोषाक भत्ता बापत कार्यकाल अवधिमा २ पटक प्रतिपटक रु.१०,०००।- उपलब्ध गराउने ।<br>तपसिल<br>१. पुरुष नगरसभा सदस्यको लागि<br>• कालो कोट<br>• खैरो/घिउ कलरको दौरा सुरुवाल<br>• कालो टोपी<br>• छालाको कालो जुत्ता<br>• थाहा व्याच<br>२. महिला नगरसभा सदस्यको लागि<br>• आकाशे कलर ढाका वोर्डर भएको सारी<br>• ढाकाको ब्लाउज (वोर्डर म्याच)<br>• कालो सेन्डल<br>• कालो कोट<br>• थाहा व्याच |
| ८.७ | प्रशासन शाखा | थाहा नगरपालिका ६ नं. वडा कार्यालयको सिफारिस बमोजिम बज्रबाराही अस्थायी प्रहरी चौकीलाई भवन निर्माणको लागि बाराही चौरमा रहेको सामुदायिक भवन पछाडीको सार्वजनिक जग्गा स्वामित्व हस्तान्तरण गरिदिनको लागि लेखिआएकोमा बाराही चौरमा रहेको सामुदायिक भवन पछाडीको १ (एक) रोपनी सार्वजनिक जग्गा स्वामित्व हस्तान्तरण गरिदिनको लागि जिल्ला प्रशासन कार्यालय मकवानपुरमा सिफारिस गर्ने । |
| ८.८ | प्रशासन शाखा | थाहा नगरपालिका ६ नं. वडा कार्यालयको सिफारिस बमोजिम कृषि वन विज्ञान विश्वविद्यालयलाई बज्रबाराही बाली डाँडामा रहेको सार्वजनिक जग्गा स्वामित्व हस्तान्तरण गरिदिनको लागि लेखिआएकोमा बज्रबाराही बाली डाँडामा रहेको ३ (तीन) रोपनी सार्वजनिक जग्गा स्वामित्व हस्तान्तरण गरिदिनको लागि जिल्ला प्रशासन कार्यालय मकवानपुरमा सिफारिस गर्ने । |
| ८.९ | आर्थिक प्रशासन/ जिन्सी शाखा | थाहा नगरपालिकाको बा.१ भ ८६५० नं. को गाडीको मर्मतको विल बमोजिमको रकम रु.७,८९,४७४/५ अक्षेरुपी सात लाख उनान्नवे हजार चार सय चौहत्तर रुपैया पचार पैसा भुक्तानी गर्ने । |
| ८.१० | आर्थिक प्रशासन | जिल्ला प्रशासन कार्यालय मकवानपुरको आयोजनामा मिति २०७९/१२/२८ गते सिमावर्ती जिल्ला मकवानपुर, काठमाण्डौ र ललितपुर जिल्लाका जिल्ला सुरक्षा समितिका पदाधिकारीहरु सम्मिलित अन्तर जिल्ला समन्वय वैठकको विल भुक्तानीको लागि अनुरोध भई आएकोमा डि लेक साइड सिम्लाङ होटलको विल भरपाई बमोजिमको रकम भुक्तानी गर्ने । |
| ८.११ | प्रशासन शाखा | थाहा नगरपालिकामा रहेका नेवाः बस्तीहरुलाई सास्कृतिक संरक्षित क्षेत्र घोषणा प्रकृया अगाडी वढाउन माग गर्दै संयोजक विनोद महर्जन सहितको निवेदन प्राप्त भएकोमा |

| | | |
|---|---|---|
| | | निवेदनमा उल्लेख गरिएको कार्यदललाई विस्तृत अध्ययन गरी प्रतिवेदन पेश गर्न अनुरोध गर्ने । |
| ८.१२ | न्यायिक शाखा | भवन निर्माण अनुमति सम्बन्धी कार्यविधि, २०८० लाई पारित गर्ने । |
| ८.१३ | प्रशासन शाखा | थाहा नगरपालिका ६ नं. वडा कार्यालय, ७ नं. वडा कार्यालय, नयाँ बस्ती आधारभुत स्वास्थ्य केन्द्र र दामन शहरी स्वास्थ्य केन्द्रमा १/१ जना कार्यालय सहयोगी पद कर्मचारीको उमेर हद र स्वेच्छिक राजिनामाको कारण रिक्त रहेकोमा ६ नं. वडा कार्यालय र नयाँ बस्ती आधारभुत स्वास्थ्य केन्द्रमा वडा कार्यालय तथा स्वास्थ्य व्यवस्थापन समितिको सिफारिस बमोजिम तथा दामन शहरी स्वास्थ्य केन्द्र र ७ नं. वडा कार्यालयमा थाहा नगरपालिकाको मिति २०८०/०५/०६ र ०७ गते सूचनाबाट सिफारिस भएका उम्मेदवारहरुलाई सेवा करारमा नियुक्ति दिने । |
| ८.१४ | प्रशासन शाखा | पालुङ प्राथमिक स्वास्थ्य केन्द्रको स्टाफ नर्स एलिजा ढकालले राजिनामा दिएकोले उक्त रिक्त रहेको पदमा तहाँ व्यवस्थापन समितिको सिफारिस बमोजिम दिपशिखा विष्टलाई करार सेवामा नियुक्ति गर्ने । |

संवत् २०८० साल असोज १८ गते बसेको थाहा नगरपालिका नगर कार्यपालिका बैठकको निर्णयः

थाहानगर कार्यपालिका बैठक संख्या : ०३/२०८०/२०८१

| क्र.सं. | महाशाखा/ शाखा | निर्णयको संक्षिप्त ब्यहोरा |
|---|---|---|
| १ | योजना महाशाखा/ स्वास्थ्य/ खानेपानी | थाहा नगरपालिका र च्वाईस नेपाल विच भएको सम्झौता बमोजिम थाहा नगरपालिका वडा नं. ९ मा निर्माणाधिन चित्लाङ स्वास्थ्य चौकीलाई रु.५० (पचास) लाख र थाहा नगरपालिका वडा नं. १२ मा निर्माणाधिन लिती खानेपानी आयोजनालाई रु.६० (साठी) लाख म्याचिङ फण्डबाट रकम विनियोजन गरी निर्माण कार्य सम्पन्न गर्ने । |
| २ | प्रशासन शाखा | थाहा नगरपालिका पदपुर्ति समितिबाट मिति २०८०/०५/२६ गते सिफारिस गरिएको कृषि प्राविधिक (चौथो तह) गोकर्ण राज जोशीलाई सिफारिस बमोजिम नियुक्ति गर्ने र आर्किटेक इन्जिनियरको पदपुर्तिको लागि प्रकृया अगाडी बढाउने । |
| ३ | प्रशासन शाखा | थाहा नगरपालिका वडा नं. ४ स्थित पालुङ प्राथमिक स्वास्थ्य केन्द्रमा आवश्यक रहेको फार्मेसियन-१/ल्याव टेक्निसियन-१ कर्मचारी करार सेवामा नियुक्तिको लागि माग भई आएकोमा उक्त स्वास्थ्य व्यवस्थापन समितिलाईनै पदपुर्ति गर्न पत्राचार गर्ने र आग्रा स्वास्थ्य चौकीमा रिक्त रहेको अ.हे.व. पदको पदपुर्तिको लागि स्वास्थ्य व्यवस्थापन समितिबाट सिफारिस भईआएको थाहा-१ निवासी दिक्षा श्रेष्ठलाई करार सेवामा नियुक्ति गर्ने । |
| ४ | न्यायीक शाखा | जिन्सी लिलाम कार्यविधि, २०८० र थाहानगर आधारभुत अस्पताल व्यवस्थापन तथा सञ्चालन कार्यविधि, २०८० लाई पारित गर्ने । |
| ५.१ | प्रशासन शाखा | थाहा नगरपालिका वडा नं. ९ चित्लाङमा रहको श्री जलदेवी प्राथमिक विद्यालयको दुई कोठे भवन निर्माणको लागि श्री सामाजिक विकास मन्त्रालय, सार्वजनिक निर्माण कार्यान्वयन ईकाई, बागमती प्रदेश, धादिङबाट रु.३० (तिस) लाख बजेट विनियोजन भएको हुँदा उक्त भवन निर्माणको लागि विद्यालयले हाल भोगचलन गरिरहेको कि.नं. १२७ को जग्गाको भोगाधिकार उपलब्ध गराउने । |
| ५.२ | प्रशासन शाखा/ खानेपानी | थाहा नगरपालिका अन्तर्गतका विभिन्न वडामा रहेका खानेपानी उपभोक्ता समितिहरुबाट योजना सम्पन्न भई सञ्चालनमा आएका आयोजनाहरुको व्यवस्थापन तथा सञ्चालनका लागि नगरपालिका अन्तर्गतको 'थाहानगर खानेपानी व्यवस्थापन बोर्ड'मा सञ्चालित योजनाहरु हस्तान्तरण गर्न नगरपालिकाले मिति २०८०/०४/१५ गते सूचना प्रकाशन गरी आग्रह गरिएको भएपनि हालसम्म कुनै पनि आयोजनाहरु हस्तान्तरण भई नआएको हुँदा पालिका क्षेत्रका सबै आयोजनाहरुलाई अनिवार्य रुपमा हस्तान्तरण गर्न सबै वडाहरुलाई समन्वयका लागि परिपत्र गर्ने र उपभोक्ता समितिहरुलाई अनिवार्य हस्तान्तरण गरिसक्न २०८० मंसिर मसान्त सम्मको समय दिनेगरी सार्वजनिक सूचना गर्ने र हस्तान्तरण नगर्ने आयोजनाहरुलाई खारेज समेत गर्ने । |
| ५.३ | प्रशासन शाखा | थाहा नगरपालिकामा नवनियुक्ति भएका नगर प्रहरीहरुलाई मौसम अनुसारको पोषाक (ज्याकेट र ट्र्याक सुट) खरिद गर्न एक पटकको लागि सबैलाई रु.१० (दश) हजार विनियोजन गर्ने र तपसिल बमोजिम सञ्चार सुविधा समेत प्रदान गर्ने निर्णय गरियो ।<br>तपसिल<br>१. नगर प्रहरी सहायक निरीक्षक : मासिक रु.५००।-<br>२. नगर प्रहरी हवल्दार : मासिक रु.५००।-<br>३. नगर प्रहरी जवान : मासिक रु.२००।- |
| ५.४ | प्रशासन शाखा | थाहा नगरपालिका र अन्तर्गतको वडा कार्यालय तथा स्वास्थ्य चौकीहरुमा खाजा समछ । दिउँसो १:३० बजे देखि २:०० बजे सम्म तोक्ने । |
| ५.५ | प्रशासन शाखा | नागरिक आरोग्य केन्द्रमा कार्यरत कर्मचारी अन्जना सिन्तानको करार सेवाको म्याद थप २०८० साउन महिनादेखिनै गर्ने र नागरिक आरोग्य केन्द्रको औषधी खरिद तथा प्रशासनिक खर्च शिर्षकबाट मासिक रु.१५,०००।- तलब उपलब्ध गराउने । |

| | | |
|---|---|---|
| ५.६ | न्यायीक शाखा/ प्रशासन शाखा | सुत्केरी स्वावस्थ्य जाँच (PNC) र पोषण कोशेली प्रदान गर्ने सम्बन्धी मापदण्ड, २०८० पारित गर्ने र उक्त मापदण्डमा वडा सदस्यको रोहवरमा पोषण कोशेली वितरण गर्ने र वडाहरुको सिफारिसको आधारमा फरफारक गर्ने । |
| ५.७ | स्वास्थ्य शाखा | पालुङ प्राथमिक स्वास्थ्य केन्द्रमा मेडिकल अधिकृतबाट सेवा प्रदान भईरहेको रेविज विरुद्धको खोपको अभाव भई सेवाग्राहीहरुलाई सेवा प्रदान गर्न समस्या उत्पन्न भएको हुँदा उक्त सेवा सञ्चालन गर्न स्वास्थ्य आपुर्ति व्यवस्थापन केन्द्र, बागमती प्रदेशलाई रेविज विरुद्धको खोप उपलब्ध गराईदिन सिफारिस गर्ने । |
| ५.८ | स्वास्थ्य/ प्रशासन शाखा | थाहा नगरपालिकामा सञ्चालनमा रहेको निजी अस्पताल, नागरिक आरोग्य केन्द्र, आँखा अस्पताल र पोलिक्लिनिकहरुलाई स्वास्थ्य व्यवस्था सूचना प्रणाली (DHIS2) मा प्रवेश दिनुहुन भनी प्रदेश स्वास्थ्य निर्देशनालय, बागमती प्रदेशमा सिफारिस गर्ने । |
| ५.९ | न्यायिक शाखा/ स्वास्थ्य/ प्रशासन शाखा | थाहा नगरपालिका अन्तर्गत वडा नं. ४ दोवाटोमा संचालनमा रहेको प्राथमिक स्वास्थ्य केन्द्र पालुङलाई जनस्वास्थ्य ऐन, २०७५ तथा नियमावली, २०७७ र नेपालको संविधानले दिएको एकल अधिकार (आधारभुत स्वास्थ्य सेवा स्थानीय तहमा हुनेछ) प्रयोग गरी निर्माणधीन १५ शैयाको अस्पतालको भवन सम्पन्न भईनसकेको कारण उक्त प्राथमिक स्वास्थ्य केन्द्र पालुङलाई स्तरवृद्धि गरी १५ शैयाको थाहा नगर अस्पताल स्थापना गरी सेवा संचालन गर्ने । |
| ५.१० | प्रशासन शाखा | थाहानगर उद्योग वाणिज्य संघ र थाहा नगरपालिकाको संयुक्त आयोजनामा संचालन हुन गईरहेको चौथो थाहा महोत्सव, २०८० संचालन गर्न अनुमति प्रदान गर्ने । |
| ५.१ | योजना महाशाखा/ खानेपानी | श्री तिनाल लिफ्टिङ्ग खानेपानी आयोजना, थाहा-६ को निर्माण कार्य सम्पन्न गरी संचालनमा ल्याउन म्याचिङ्ग फण्डबाट रु.१० (दस) लाख रकम विनियोजन गर्ने । |
| ५.१२ | प्रशासन शाखा | भूमिहिन सुकुम्बासी तथा अव्यवस्थीत बसोबासीहरुको जग्गा नापजाँच गर्ने सम्बन्धमा यस आ.व.को स्वीकृत बजेटबाट सुविधा दिनेगरी नापी कार्यालय शिखरकोटको अमिन वा अन्य क्षेत्रबाट अमिन ल्याई उल्लेखित जग्गाहरु नापजाँच गर्ने । |
| ५.१३ | राजश्व/ प्रशासन शाखा | दामन भ्यु टावरलाई लिजमा २० वर्षको लागि दिने भनी यस अघि प्रकाशित सूचनामा उल्लेखित निम्न शर्तहरु संशोधन गर्ने :<br>तपसिल<br>१.पार्किङ, विद्युत र पानी लगायतका सुविधाको सन्दर्भमा नगरपालिकाले आवश्यक समन्वय गर्नेछ ।<br>२. निम्नानुसार किस्ता बुझाउने गरी सम्झौता गरिनेछ ।<br>क. सम्झौता गर्दाका बखत : १०%<br>ख. पहिलो ५ वर्षमा प्रतिवर्ष ३% का दरले : १५%<br>ग. दोस्रो ५ वर्ष प्रतिवर्ष ४% का दरले : २०%<br>घ. तेस्रो ५ वर्ष प्रतिवर्ष ४% का दरले : २०%<br>ङ. चौथो ५ वर्ष प्रतिवर्ष ४% का दरले : २०%<br>च. पाँचौ ५ वर्ष प्रतिवर्ष ४% का दरले : १५% |

संवत् २०८० साल कार्तिक २२ गते बसेको थाहा नगरपालिका नगर कार्यपालिका बैठकको निर्णयः

थाहानगर कार्यपालिका बैठक संख्या : ०४/२०८०/२०८१

| क्र.सं. | महाशाखा/शाखा | निर्णयको संक्षिप्त ब्यहोरा |
|---|---|---|
| १ | राजश्व शाखा | अघिल्लो बैठकबाट दामन भ्यु टावरलाई लिजमा २० वर्षको लागि दिने भनी निर्णय भएकोमा दामन भ्यु टावरलाई रु. १ (एक) करोडमा २० वर्षका लागि कार्यविधि बमोजिम लिजमा दिने । |
| २ | न्यायीक शाखा | थाहा नगरपालिकाको सामुदायिक विद्यालयमा प्रधानाध्यापक नियुक्ति सम्बन्धी कार्यविधि, २०८० र वडा स्तरीय शिक्षक सहायता अनुदान सम्बन्धी कार्यविधि, २०८० लाई पारित गर्ने । |
| ३ | प्रशासन शाखा | पालुङ प्राथमिक स्वास्थ्य केन्द्रमा अत्याधिक विरामीको चापको कारण नियमिति सेवा प्रवाह समेत प्रभावित भएको हुदाँ स्वास्थ्य संस्थाको सिफारिस बमोजिम थाहा नगरपालिकाको कार्यालयबाट तलबभत्ता भुक्तानी गर्नेगरी मे.अ.डा. शर्मिला विश्वकर्मालाई करार सेवामा नियुक्ति गर्ने । |
| ४ | योजना महाशाखा/प्राविधिक शाखा | तपसिल बमोजिमको EIA/IEE प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो ।<br>तपसिल<br>१. कुइभीर भन्ज्यांङ देखि कुइभीर बस्तीसम्म तथा दामन पिकनिक पार्कको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन ।<br>२. ठाडो खोला मोहिनी झरना जाने सिढी निर्माण कार्यको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन ।<br>३. दामन बालुवा प्रशोधन तथा बिक्रि कन्द्रको प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन ।<br>४. थाहा नगरपालिका वडा नं. १ देखी ५ जोड्ने गहते खोला खर्क पुलको DPR प्रतिवेदन । |
| ५ | न्यायीक शाखा | थाहा नगरपालिकाको तीन पाङ्ग्रे सवारी साधन व्यवस्थापन कार्यविधि, २०८० लाई पारित गर्ने । |
| ६.१ | प्रशासन शाखा | थाहा नगरपालिका क्षेत्रबाट निकासी हुने प्राकृतिक स्रोत (ढुङ्गा, गिट्टी र बालुवा) को राजश्व संकलन गर्न खटाईएका कर्मचारीहरुको २०८० साउन महिना देखि कार्तिक सम्मको तलब भुक्तानी गर्ने सम्बन्धमा निजहरु कार्यरत सम्बन्धीत वडा अध्यक्षको सिफारिस तथा राजश्व चुहावटको सम्बन्धमा छानविन गरी तलब भुक्तानी गर्ने । |
| ६.२ | राजश्व शाखा | आ.व. २०८०/०८१ को लागि प्राकृतिक स्रोत (ढुङ्गा, गिट्टी र बालुवा) को टेण्डर रु.२,२५,००,०००।- अक्षेरुपी दुई करोड पच्चीस लाख रुपैया मात्र कबोल अंक राखि टेण्डर आव्हान गर्ने निर्णय गरियो, साथै टेण्डर कबोल नभएमा अमानत मार्फत नियमानुसार राजश्व संकलन गर्ने । |
| ६.३ | आर्थिक प्रशासन/प्रशासन शाखा | जाजरकोट केन्द्र विन्दु भई गएको भुकम्पका भुकम्प पिडितहरुलाई सहयोग गर्नका निमित्त थाहा नगरपालिकाको जनप्रतिनिधीहरुको ५ दिन बराबरको तलब/सुविधा र थाहा नगरपालिकामा कार्यरत कर्मचारी र शिक्षकहरुको २ दिन बराबरको तलब थाहा नगरपालिकाको विपद् व्यवस्थापन कोषमा जम्मा गरी उक्त रकमको ५०% रकम जाजरकोट भुकम्प पिडितहरुलाई सहयोग गर्न र ५०% रकम विपद् व्यवस्थापन कोषमा राखी विपद्को समयमा खर्च गर्ने । |
| ६.४ | आर्थिक प्रशासन/स्वास्थ्य शाखा | थाहा नगरपालिका र थाहा नगरपालिका अन्तर्गतका वडा कार्यालयहरु र स्वास्थ्य चौकीहरुको आ.व. २०८०/०८१ को विद्युत महशुल अघिल्लो आ.व. मा तिरेको महशुलको आधारमा अग्रिम भुक्तानी गर्ने । |
| ६.५ | योजना महाशाखा | आवश्यकता र औचित्यको आधार पुष्टी गरी पेश हुन आएका आयोजनाहरुको ठेक्काको म्याद थप गर्ने । |
| ६.६ | प्रशासन शाखा | थाहा नगरपालिकाको मिति २०८०/०५/२६ गतेको सूचनाबाट सिफारिस हुनुभएको नायब प्राविधिक सहायक (कृषि सेवा, चौथो तह) श्री गोकर्ण राज जोशीले त्रिभुवन विश्वविद्यालयको रा.प.अन. प्रथम श्रेणीमा सफल भई नियुक्ति बुझिसकेको हुदाँ उपस्थित हुन नसक्ने भनी निवेदन प्राप्त हुन आएकोमा बैकल्पिक योग्यताक्रममा सिफारिस हुनुभएका उत्तम धिमाललाई उक्त पदमा नियुक्ति गर्ने । |

| | | |
|---|---|---|
| ६.७ | राजश्व/ प्राविधिक शाखा | थाहा नगरपालिकाबाट नगरपालिका क्षेत्रका नागरिकहरुलाई उपलब्ध गराईदै आएको अमिन सेवा वापत प्रतिदिन रु.५००।- (पाँच सय) शुल्क लिई सेवा प्रदान गर्ने । |